# जुरेली गान कवितामा शब्दालङ्कार

**अनिल अधिकारी**
उपप्राध्यापक, नेपाली विभाग
महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर

**रेखा रेग्मी**
उपप्राध्यापक, नेपाली
विभाग, म्याग्दी बहुमुखी क्याम्पस, बेनी
Email : pramilaa088@gmail.com

**लेखसार**

प्रस्तुत लेख जुरेली गान कवितामा शब्दालङ्कारको विश्लेषणमा केन्द्रित छ । गुणात्मक अनुसन्धान विधि र पाठविश्लेषण ढाँचामा तयार गरिने यस लेखको शोधक्षेत्र जुरेली गान कविता हो । संस्कृत काव्यचिन्तनमा अलङ्कार सिद्धान्तअन्तर्गत शब्दालङ्कार यस लेखको सैद्धान्तिक आधार हो । संस्कृत काव्यचिन्तनमा शब्दालङ्कारका अनुप्रास, यमक, श्लेष, पुनरुक्तवदाभास र वक्रोक्ति भेद निर्धारण भएका छन् । यस लेखमा शब्दालङ्कारअन्तर्गत यमक, श्लेष र पुनरुक्तवदाभासका कोणबाट जुरेली गान कविताको विश्लेषण भएको छ । प्रस्तुत कवितामा यमकालङ्कारको चमत्कृतिपूर्ण प्रस्तुति भएको छ । एकैश्लोकमा सन्दष्ट, समुद्गक र आम्रेडित यमकालङ्कारको प्रयोग भएको यस कवितामा अनेकार्थी शब्दको चमत्कारपूर्ण अभिव्यक्तिका माध्यमबाट काव्यिक सौन्दर्यको अभिव्यञ्जना भएको छ । यस कवितामा एउटै शब्दमा सन्निहित अर्थ तथा त्यससँग सम्बन्धित अनेक साम्यवैषम्य अर्थको प्रस्तुति भई पुनरुक्तवदाभास प्रतिपाद्य भएको छ । कवितालाई श्रुतिसुखद, आलङ्कारिक र आह्लादकारी तुल्याउन यमक, श्लेष र पुनरुक्तवदाभासको भूमिका सार्थक र कृतिगत सौन्दर्य निर्माणका लागि महत्त्वपूर्ण रहेको विषयमा विमर्श भएको छ ।

*शब्दकुञ्जी* : अलङ्कार, यमक, श्लेष, पुनरुक्तवदाभास ।

**विषयप्रवेश**

प्रस्तुत लेख 'जुरेली गान' कविताको यमक, श्लेष र पुनरुक्तवदाभास विधानको विश्लेषण र अर्थापनमा केन्द्रित छ । प्रस्तुत 'जुरेली गान' कविता सर्वप्रथम २०१६ सालमा छहरा कवितासङ्ग्रहमा प्रकाशित भई लक्ष्मी कवितासङ्ग्रहमा यसको पुनर्प्रकाशन भएको हो । प्रस्तुत कविताका रचनाकार लक्ष्मीप्रसाद देवकोटा हुन् । यस कविताका स्रष्टा देवकोटाका भिखारी (२०१०), जन्मोत्सव र मुटुका थोपा (२०१५), नवरस (२०३६), लक्ष्मी कवितासङ्ग्रह (२०३९), लक्ष्मी गीतसङ्ग्रह (२०४१) मुख्य छन् । प्रस्तुत कविता देवकोटाको छहरा कवितासङ्ग्रह (२०१६) को पाण्डुलिपिबाट लक्ष्मी कवितासङ्ग्रहमा स्थानान्तरण भई प्रकाशन भएको कृति हो । प्रकृति-मानव अधेद्य सम्बन्धलाई प्रस्तुत गर्ने यस कवितामा

प्रकृतिको मानवीकरण अर्थात् चराको आवाजमा मानवीय अन्तर्आत्माको प्रतिध्वनि प्रस्तुत भएको छ ।

भावधारागत दृष्टिले स्वच्छन्दतावादी विषयवस्तु र भावको संयोजन भएको प्रस्तुत कवितामा चराको आवाजमा वेदवाणी, प्रेमतपश्वी राधाले गरेको त्याग तथा प्रतिष्ठित सुन्दरी हेलेनकेलरका सङ्घर्ष र प्रेरणादायी जीवनदर्शनको अभिव्यक्ति भएको विषय प्रस्तुत भएको छ । समान ध्वनि/वर्ण/अक्षरबाट निर्माण भएका श्रुतिमधुर पदलालित्य शब्दगत सिर्जनात्मक प्राप्ति रहेको प्रस्तुत कविता वर्णमात्रिक शास्त्रीय छन्दमा संरचित छ । प्रस्तुत कविताको रचना सन्दर्भगत अवस्था तथा यसमा अभिव्यक्त भावलाई नियाल्दा कवि देवकोटाको परिष्कृत र परिमार्जित लेखनअवधिमा संरचनात्मक स्वरूप प्राप्त कृति हो । विषयगत स्वच्छन्दता, भावगत संयमता, मानवीकरण, जीवनदर्शनको कलात्मक अभिव्यञ्जना तथा परिष्कृत शिल्पप्रविधिका कारण सिर्जनात्मक उचाइ प्राप्त गरेको प्रस्तुत कविता विषयवस्तु, भाव, काव्यिक कला, प्रस्तुतीकरण र वर्णविन्यासमा चयन भएका प्रयुक्तिका दृष्टिले उच्चमध्यम स्तरको कृति हो । यस लेखका प्रस्तुत 'जुरेली गान' कविताको काव्यिक प्राप्तिको समग्र नभई शब्दालङ्कारअन्तर्गत यमक, श्लेष र पुनरुक्तवदाभासविधानको मात्र विश्लेषण र अर्थापन भएको छ ।

अलङ्कार काव्यको शोभा अर्थात् भावतत्त्वलाई श्रुतिमधुर र लालित्यपूर्ण तुल्याउने तत्त्व हो । शब्दालङ्कार कविता/काव्य अर्थात् साहित्यमा साहित्यिक कृतिमा बाह्य सौन्दर्य र उक्त सौन्दर्यभित्र कलात्मकतालाई सिद्ध गर्ने अलङ्कार सिद्धान्तको भेद हो । पूर्वीय सिर्जना र समालोचना परम्परामा अलङ्कारको विषय ऋग्वेदमा उल्लेख भए पनि नाट्यशास्त्रका प्रवर्तक भरतमुनिले उल्लेख गरेका पाँच अलङ्कारको विवेचनाबाट यसको साहित्यिक प्रयोग, सान्दर्भिकता र उपयोगितासम्बन्धी परिचर्चाको आरम्भ भएको हो । अलङ्कार सिद्धान्तको आरम्भ छैटौँ शताब्दीमा भामहले काव्यको केन्द्रीय तत्त्वका रूपमा रहने अवधारणासहित स्थापित गरेका हुन् । संस्कृत काव्यचिन्तन परम्परामा भामह मूलभूत रूपमा अलङ्कारवादी चिन्तक हुन् भने भामहपछिका संस्कृत काव्यशास्त्रीले अलङ्कार सम्प्रदाय र त्यसका अन्तर्यमा यसको साहित्यिक प्रयोजनमा सर्वोपरितालाई स्थापित गर्ने प्रयत्न गरेका छन् ।

संस्कृत काव्यचिन्तनमा साहित्यको अङ्गीतत्त्वका रूपमा विमर्शको उत्कर्षमा रहेको अलङ्कारवाद र यसका सम्बन्धमा परिचर्चा भएका सिद्धान्त पाश्चात्य साहित्यचिन्तनमा भने अभिव्यक्तिलाई प्रस्तुति दिने शैलीतत्त्वमा मात्र सीमित छ । संस्कृत र पाश्चात्य काव्यचिन्तनमा अलङ्कारका शाब्दी र आर्थी भेद तथा यिनका अनेक उपभेद रहने विषयमा भने मतैक्य छ । संस्कृत र पाश्चात्य काव्यचिन्तनमा शब्दालङ्कार काव्यको बाह्यसौन्दर्यलाई आलङ्कारिकताका साथै कवितामा लयात्मकता, साङ्गीतिकता, अन्तर्साङ्गीतिकता र श्रुतिमधुरता सिर्जना गर्ने आधारका रूपमा व्याख्येय छ । यस लेखमा 'जुरेली गान' कवितामा शब्दालङ्कारअन्तर्गत यसको सशक्त भेद यमक, श्लेष र पुनरुक्तवदाभासका कोणबाट अध्ययनीय रहेको तथा यस विषयमा रहेको रिक्ततासँग सम्बन्धित विषयलाई मुख्य समस्याका रूपमा लिई त्यसको विश्लेषण र अर्थापन भएको छ ।

**समस्याकथन**

प्रस्तुत लेखको प्रमुख समस्या भन्नु नै 'जुरेली गान' कवितामा शब्दालङ्कारको विश्लेषण र अर्थापन हो । यस कवितामा शब्दालङ्कारका विषयमा रहेका रिक्तताको पूर्ति मुख्य प्रयोजनमा केन्द्रित रही अनुसन्धान गरिने यस लेखमा शब्दालङ्कारका यमक, श्लेष र पुनरुक्तवदाभास अलङ्कारको विश्लेषणका आधारमा कवितामा शब्दालङ्कारको निरूपण भएको छ । यस लेखका लागि निर्माण भएको प्रमुख समस्याको समाधानका लागि निम्नलिखित शोध्यप्रश्नको प्रज्ञिक उत्तर खोजिएको छ ।

(क) जुरेली गान कवितामा यमकालङ्कार केकस्तो छ ?
(ख) जुरेली गान कवितामा श्लेषालङ्कार कसरी छ ?
(ग) जुरेली गान कवितामा पुनरुक्तवदाभास किन छ ?

प्रस्तुत लेखको मुख्य उद्देश्य 'जुरेली गान' कवितामा यमक, श्लेष र पुनरुक्तवदाभासको निरूपण नै हो । विषयगत दृष्टिले 'जुरेली गान' कविता तथा शब्दालङ्कारअन्तर्गत यमक, श्लेष र पुनरुक्तवदाभास यस लेखको सैद्धान्तीक सीमाङ्कन हो । यस लेखमा शब्दालङ्कारअन्तर्गत अनुप्रासका आधारमा विश्लेषण नहुनु यसको विषयगत सीमाङ्कन हो । शब्दालङ्कार भेदअन्तर्गत अध्ययन गरिने वक्रोक्ति नेपाली काव्यचिन्तनमा अर्थालङ्कारको भेदका रूपमा समावेश भएकाले उपर्युक्त तीन शब्दालङ्कार मात्र यस लेखमा वर्णन हुने विषय हुन् । शब्दालङ्कारअन्तर्गत यमक, श्लेष र पुनरुक्तवदाभासका केन्द्रीयतामा कविताको विशिष्टीकृत अध्ययन हुने भएकाले यस विषयका अध्येता, विद्यार्थी, शिक्षक र अनुसन्धानकर्ताका लागि उपयोगी हुनाले यस लेखको प्राज्ञिक औचित्यको पनि पुष्टि हुन्छ ।

**शोधविधि**

प्रस्तुत लेख गुणात्मक अनुसन्धान पद्धतिमा आधारित छ । यस लेखका लागि प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीको उपयोग भएको छ । प्रस्तुत लेखको शोधपरक अध्ययनका लागि शोधक्षेत्र आधुनिक नेपाली कविताअन्तर्गत लक्ष्मीप्रसाद देवकोटाको 'जुरेली गान' कविता हो । यस लेखमा यस लेखको प्राथमिक सामग्री लक्ष्मीप्रसाद देवकोटाको 'जुरेली गान' कविता हो । यस कविताका विषयमा भएका पूर्वअध्ययन र यसमा अभिव्यञ्जित शब्दालङ्कारको विश्लेषण र अर्थापनका लागि अलङ्कार सिद्धान्तअन्तर्गत शब्दालङ्कारको विषयमा विमर्श भएका सामग्री द्वितीयक सामग्री हो । उपर्युक्त विषयका अतिरिक्त अन्य प्राथमिक र द्वितीयक स्रोतका सामग्री यस लेखको सीमाङ्कन हो । यो लेख 'जुरेली गान' कविताका पङ्क्तिपुञ्जमा आएका ध्वनि, वर्ण, अक्षर र शब्दका आधारमा यमक, श्लेष र पुनरुक्तवदाभासको विश्लेषण हुने भएकाले यो पाठविश्लेषणकेन्द्री अध्ययन हो । प्रस्तुत लेखको अर्थापनका लागि शब्दालङ्कारसँग सम्बन्धित यमक, श्लेष र पुनरुक्तवदाभासको सिद्धान्त तथा विश्लेषणविधिको उपयोग भएको छ ।

**सैद्धान्तिक आधार**

संस्कृत काव्यचिन्तनले काव्यको बाह्य सौन्दर्यका माध्यमबबाट रूपगत चमत्कृति सिर्जना गर्ने अलङ्कारलाई शब्दालङ्कारका रूपमा स्थापित गरेको छ । शब्दालङ्कार मूलभूत रूपमा सृजनाको बाह्य सौन्दर्य र संरचनासँग सम्बन्धित रहन्छ शब्दालङ्कार बाह्य संरचना वा रूपपक्षसँग सम्बन्धित विषय हो । अलङ्कारको ज्ञानमीमांसा मानव उच्चारण अवयवद्वारा उच्चरित ध्वनि तथा त्यसबाट उत्पन्न निनादसँग सम्बन्धित छ । अलङ्कार मूलभूत रूपमा ध्वनि, स्फोट सिद्धान्त र सामवेदमा प्रस्तुत भएको शिल्पविद्याबाट विकास भएको सिद्धान्त हो (अधिकारी र अधिकारी, २०८०, पृ. ४७) । शब्दालङ्कार समान वा समध्वन्यात्मक ध्वनि, वर्ण शब्द यमकादि आवृत्ति र श्लेषका माध्यमबाट काव्यसिर्जना गर्ने प्रक्रिया हो (भामह, सन् २०१०, पृ. ९) । शब्दालङ्कार समविषयम ध्वनि/वर्णबाट उत्पन्न हुने समध्वन्यात्मक नाद र त्यसले उत्पन्न गर्ने लयात्मकताका साथै आकर्षक श्रुतिद्योतक काव्यसौन्दर्यको खोजी गर्ने अलङ्कारको भेद हो । कविता सामान्य, प्रयोजनपरक र वाङ्मयको भाषाभन्दा पृथक् कलात्मक भाषिक संरचना रहेकाले यसमा आलङ्कारिक पदविन्यास सहितको भाषिक विधान अपेक्षित रहन्छ । सामान्य र व्यावहारिक भाषिक प्रयोजनभन्दा भिन्न विशिष्ट आलङ्कारिक अर्थ दिने पदयोजना काव्यका लागि अनिवार्य मानिन्छ (एरिस्टोटल, २०७७, पृ. २२८) । शब्दालङ्कारले कविता रचनाका क्रममा भाषिक विकल्प मध्येबाट उत्तम र कलात्मक स्वरूपको चयन गरी त्यसलाई आकर्षक शैलीमा विन्यास गरी बाह्य सौन्दर्यका साथै आन्तरिक सुन्दरता निर्माणको आधार तयार गर्दछ । शब्दमा शब्दकै तहमा चमत्कार सिर्जना गरी काव्यिक सौन्दर्य निर्माण गर्ने शब्दालङ्कार हो (गौतम, २०६९, पृ. १११) ।

शब्दालङ्कारमा शब्दको उपस्थिति र त्यसले सिर्जना गर्ने काव्यिक सौन्दर्य तथा कविता र साहित्यमा कविताइतरका विधामा समेत यसको अध्ययन हुनेगर्दछ । संस्कृत काव्यचिन्तनले शब्दालङ्कार शब्दका तहमा मात्र प्रतिपाद्य भई काव्यिक सौन्दर्यको बाह्य शोभाकारक तत्त्वका रूपमा अध्ययनीय रहने विषय प्रतिपादन गरेको छ ।

शब्दालङ्कार मूलत: कृतिको बाह्य शोभा वा सुन्दरता उत्पन्न गर्ने ध्वनि, वर्ण, अक्षर वा शब्द तथा तिनले सिर्जना गर्ने श्रुतिमधुरता र श्रुतिसुखको अध्ययन गर्ने अनुशासन हो । मूलभूत रूपमा शब्दमा आश्रित अलङ्कार शब्दालङ्कार हो (एटम, २०७४, पृ. ३७) । शब्द, शब्दमा अन्तर्निहित समध्वन्यात्मकता र त्यसले उत्पादन गर्ने निनादका कारण सृजित काव्यिक आकर्षण शब्दालङ्कारको अन्तर्वस्तु हो । कविता लयात्मक भाषिक कला रहेकाले यसमा शब्दचयन, विन्यास र त्यसले सिर्जना गर्ने सौन्दर्य शब्दालङ्कारको आधार हो । शब्दालङ्कारलेशब्द र यसको कलात्मक अभिव्यक्ति सिर्जना गर्नका लागि आवश्यक शोभाकारक धर्म निर्वाश गर्दछ । साहित्यको अपरिहार्य तत्त्व मानिने सङ्गीत वा लयलाई उत्पन्न गर्ने कलात्मक सौन्दर्य शब्दालङ्कार हो (गड्तौला, २०७७, पृ. ३४) । कवितामा भाषिक कलात्मकता र त्यसको आकर्षक विन्यास कुन रूपमा भएको छ ? भन्ने पक्षको विश्लेषण गरी काव्यिक सुन्दरताको निरूपण गर्ने शब्दालङ्कारको प्रस्तुतिका आधारमा कविता कसरी लयात्मकता, अन्तर्लयात्मक र साङ्गीतिक छ भन्ने पक्षको निरूपण हुन्छ ।

शब्दालङ्कारले कवितामा प्रयोग भएका ध्वनिदेखि शब्दसम्मका भाषिक एकाइ र तिनले सिर्जना गर्ने आलङ्कारिकताको विश्लेषण गर्दछ । समध्वनि वर्ण र असमानपदहरूको आवृत्तिद्वारा श्रुतिसौन्दर्य उत्पत्ति हुने अलङ्कार शब्दालङ्कार हो (उपाध्याय, २०६७, पृ. ११२) । शब्दालङ्कारमा कवितामा नियमित क्रममा पुनरावृत्ति भई सिर्जना हुने पद-पदावलीगत सुललितता, समान र असमान अर्थ दिने तर समध्वन्यात्मक उच्चार हुने शब्द र त्यसको विन्यासका आधारमा काव्यिक कलासौन्दर्यको निरूपण गरिन्छ । संस्कृत काव्यचिन्तनमा शब्दालङ्कारका भेद उपभेदको विषयमा पनि विमर्श भएको छ । कृतिमा आएका समान वर्णको समस्थानिक आवृत्तिका कारण उत्पन्न हुने लयात्मकता तथा साङ्गीतिकताको निर्माण गर्ने यमक, श्लेष र पुनरुक्तवदाभास तथा एकै वर्णको पुनरावृत्ति भई शाब्दी चमत्कार सिर्जना गर्ने यमक तथा द्विअर्थी शाब्दी गुणद्योतक श्लेष शब्दालङ्कारका मुख्य भेद हुन् (पन्त, २०७७, पृ. १८-१९) । शब्दालङ्कारअन्तर्गत समध्वन्यात्मक पुनरावृत्ति भई लय, सङ्गीत, अन्तर्सङ्गीत र श्रुतिमधुरता सिर्जना गर्ने यमक, श्लेष र पुनरुक्तवदाभास र यमक हुन् । शब्दको शब्दसँगको अन्तर्सम्बन्धका आधारमा द्विअर्थी अभिवृत्ति श्लेषको सार्विक विशेषता रहने अवधारणा निर्माण गर्ने संस्कत काव्यचिन्तनको शब्दालङ्कारका सैद्धान्तिक पक्षका आधारमा 'जुरेली गान' कविताको विश्लेषण तलका सन्दर्भमा भएको छ ।

**नतिजा र विश्लेषण**

प्रस्तुत कविताको रचनासन्दर्भ राणाकालीन नेपाली सामाजिक, सांस्कृतिक र शैक्षिक परिवेश तथा तद्विषयक पर्यावरणमा बाँचेको नेपाली नागरिकको अवस्थासँग सम्बन्धित छ । यस कवितामा नेपाली नागरिकको वास्तविकताको प्रतिबिम्बन पिँजरामा थुनिएको चराको आवाजका माध्यमबाट आमनेपाली आवाजको अभिव्यञ्जना भएको छ । यस कवितामा स्वतन्त्रताविहीन सामाजिक संरचनामा आवाजविहीन नागरिकको आवाज साङ्केतिक रूपमा प्रतिरोधपूर्ण भए पनि ती दमित आवाज र तिनमा अवस्थित दमनको प्रस्तुति भएको छ । शास्त्रीय छन्दमा रचित यस कवितामा नियमित लयव्यवस्था तथा साङ्गीतिकता सशक्त छ भने कवितालाई श्रुतिसुखद् आलङ्कारिक र आह्लादपूर्ण तुल्याउनका लागि शब्दालङ्कारको महत्त्वपूर्ण भूमिका छ । यस कवितामा प्रस्तुत भएका यमक, श्लेष र पनरुक्तवदाभास शब्दालङ्कारको विश्लेषण तलका सन्दर्भमा भएको छ ।

**जुरेली गान कवितामा यमक**

प्रस्तुत 'जुरेली गान' कवितामा यमकालङ्कारको प्रयोगले आलङ्कारिकता सिर्जना गरेको छ । शब्दालङ्कारमा समान, समध्वन्यात्मक उच्चार र एकै उच्चारणस्थानबाट उच्चरित ध्वनि, वर्ण, अक्षर र शब्दको आवृत्ति भई निर्माण हुने आलङ्कारिकता यमक, श्लेष र पुनरुक्तवदाभास हो भने यमक यमक, श्लेष र पुनरुक्तवदाभासभन्दा भिन्न शब्दका तहमा हुने ध्वनि र अर्थको संयोजनबाट निर्माण हुने भेद हो । यमक अलङ्कारमा समान उच्चारण भएका ध्वनिबाट निर्माण भएका शब्दले दिने भिन्नार्थबाट प्राप्त हुने शाब्दिक सौन्दर्यको खोजी गरिन्छ । एकै श्रुति तर भिन्नार्थ वा समान अर्थ भएका शब्दनिर्माण गर्ने वर्ण/अक्षरको पुनरावृत्ति भई यमक अलङ्कारको निर्माण हुन्छ (भामह, सन् २०१०, पृ. १०) । व्याकरणिक दृष्टिले श्रुतिसमभिन्नार्थक शब्दको काव्यिक विन्यास यमक अलङ्कारको आधार हो । कतिपय सन्दर्भमा समान शब्दले दिने व्यतिरेकी अर्थ पनि यमक शब्दालङ्कार निर्माण गर्ने विषय हुन् । अनेकार्थ दिने अक्षर, भिन्न अर्थ दिने समान श्रुति भएका शब्दर स्वर-व्यञ्जन दुवै पटकपटकको पुनरावृत्ति र समश्रुति यमकको अभिलक्षण हो (मम्मट, सन् १९८०, पृ. ३६२) । यमक अलङ्कार उत्पत्तिका लागि समान ध्वनिबाट निर्माण भएका शब्दको पुनरावृत्ति सार्थक र अर्थगत भिन्नता सिर्जना गर्ने अभिलक्षणसँग जोडिनु पर्दछ । भिन्नार्थ व्यञ्जन समुदायको समनक्रममा पुनरावृत्ति सिर्जना हुने आलङ्कारिकता यमक हो । (भट्टराई, २०७७, पृ. २८९) । शब्दमा सन्निहित व्यञ्जन असमान ध्वनिसमूहले निर्माण गर्ने अर्थसमेतको भिन्नता यमक अलङ्कारका विशेषता हुन् ।

संस्कृत काव्यचिन्तनमा लय निर्माण र त्यसमा साङ्गीतिकता सिर्जना गर्ने आधार शब्दालङ्कार हो । शब्दालङ्कारको भेदका रूपमा यमकले काव्यिक सौन्दर्यलाई स्तरीय तुल्याउनुका साथै लय र अर्थलाई समेत समन्वय गर्दछ । समध्वनिको आवृत्तिबाट यमक, श्लेष र पुनरुक्तवदाभास र असमानपदको आवृत्तिबाट निष्पन्न हुने अलङ्कार यमकका रूपमा घटित हुनेगर्दछ (उपाध्याय, २०६७, पृ. ११२) । कृतिमा यमक अलङ्कार स्थापित हुनका लागि समान वर्णबाट निर्मित शब्दको पुनरावृत्ति भए पनि ती ध्वनिले परस्परमा भिन्नार्थलाई प्रतिबिम्बन गर्न आवश्यक छ । अर्थ भएर पनि स्वर र व्यञ्जन वर्णसमूहको उही क्रममा आवृत्ति हुनु यमक हो (शर्मा, सन् १९९६, पृ. १४३) । यमक अलङ्कारमा ध्वनिसमूहको समान क्रममा सार्थक उपस्थितिका साथै त्यसले अर्थगत भिन्नतालाई समेत प्रतिबिम्बन गरेकै हुनुपर्दछ । समान ध्वनिको समान क्रममा पुनरावृत्ति हुनु तर तिनले दिने अर्थमा भिन्नता बोध गराउने शब्दालङ्कार यमक हो (न्यौपाने, २०३८, पृ. ३६१) । यमक कवितामा शाब्दिक सौन्दर्यका अन्तर्यमा आंशिक आर्थीसौन्दर्यलाई समेत प्रतिबिम्बन गरी अभिव्यक्तिगत चमत्कृति सिर्जना गर्ने विषय हो । प्रस्तुत 'जुरेली गान' यथोचित् यमक अलङ्कारको प्रयोग भएको कविता हो । यस कवितामा यमक अलङ्कारको प्रयोग भई शाब्दी सौन्दर्य र त्यसले स्थापित गर्ने आर्थी चमत्कृति तलका पङ्क्तिपुञ्जमा अभिव्यक्त भएको छ ।

रुन्छन् रानी जवानी सब युग, थलका धोइ एकान्तलाई !
माटो फोरेर आत्मा मुखरित छ, जिती, पुष्पको बासलाई !
यो हो माधुर्य के को ? -पिउपिउ रसको, मृत्युमा अमृताई !
बोल् ! बोल् ! मीठी जुरेली ! म पनि सँग बगें अर्थ पारी, रमाई !
(देवकोटा, २०७६, पृ. ७८)

विश्लेषित 'जुरेली गान' कविताको प्रस्तुत कवितांशमा यमकालङ्कार प्रतिपाद्य भई आलङ्कारिकता सिर्जना भएको छ । प्रस्तुत कवितांशमा समान ध्वनि, वर्ण, शब्द तर भिन्नार्थको प्रतीति भई आलङ्कारिकताको सिर्जना भएको छ । यस कवितांशमा यमकालङ्कारलाई प्रतिपाद्य गरी आलङ्कारिकता सिर्जना गर्नका लागि समान ध्वनि/वर्ण र शब्दको प्रस्तुति भएको छ । यस पङ्क्तिगुच्छमा सर्वाधिक आवृत्ति भएको वर्ण /म/ तथा यसको प्रयोग भई निर्माण भएका शब्दको

दशपटक आवृत्ति भएको छ । यस कवितांशमा /र/ ध्वनिको नौ पटक आवृत्ति भएको छ भने /र/ ध्वनिको विभेदक अभिलक्षण भई भिन्नार्थ शब्दको निर्माण गर्ने /र/ वर्णको प्रयोग भई आठ शब्दको निर्माण भएको छ । यस पङ्क्तिपुञ्जमा श्रुतिसुखदता सिर्जनाका लागि सम्यक् भूमिका खेल्ने /न/ वर्ण र यसको उपस्थितिमा निर्माण भएका समान छ शब्दको आवृत्ति भएको छ । आयृत्तिका दृष्टिले उपर्युक्त वर्ण तथा तिनको उपस्थितिमा निर्मित शब्दको प्रयोग भए पनि शब्दका तहमा /रानी/, /जवानी/, /धोइ/, /एकान्तलाई/, /बासलाई/, /अमृताताई/, /रमाई//आत्मा/, /मृत्युमा/, /के/, /को/, /पिउपिउ/, /बोल् बोल्/, /माधुर्य/, मीठी/ आदि शब्दको संरचनामा आएका वर्ण तथा आर्थी दृष्टिले समान भएर पनि तिनमा रहेको भिन्नार्थको प्रतीति यमकालङ्कार सिर्जना गर्ने आधार हुन् । कविताका पङ्क्ति-पङ्क्ति तथा शब्दका बीचमा सार्थक उपस्थितिका माध्यमबाट काव्यिक कथनमा श्रुतिमधुरता र कर्णप्रियताका साथै आन्तरिक सङ्गीत सिर्जनासमेत गर्ने यी ध्वनि/वर्ण/ र शब्दको उपस्थितिले यमकालङ्कारलाई पुष्टि गर्दछन् । समान ध्वनि/वर्ण र शब्दको आवृत्ति भिन्नार्थ विशेषता सिर्जना गर्नका लागि प्रस्तुत भई यमकालङ्कारको प्रयोग भएको कवितांशका रूपमा यस कविताका निम्नलिखित श्लोक व्याख्येय छन् ।

छाती छाती पुकार्लान् ! जल, जलकणिका बैंसले बैंसलाई !
प्यासी बोल्लान् छिचोल्लान् समय र पिँजरा, गीतमा बग्न पाई !
घाँसी बाला छहर्लिन् हृदयभर यही, चम्चमाई हँसीया !
उक्लेका क्वै, सुसेली नव दिल-सपना, श्री पुकार्दो घँसीया !
(देवकोटा, २०७६, पृ. ८०)

प्रस्तुत कवितांशमा शब्द-शब्दको पुनरावृत्ति तथा ती शब्दको निर्माणका क्रममा आवृत्ति भएका समान ध्वनिको पुनरावृत्ति भई आलङ्कारिकता सिर्जना भएको छ । यस कवितांशमा आवृत्ति भएका शब्द र ध्वनि/वर्णको आवृत्ति यमकालङ्कार र यसको सार्विक तथ्यलाई प्रभाणित गर्ने आधार पनि हो । यस कवितांशको पहिलो पङ्क्तिमा समान संरचना र अर्थ भएका /छाती/, /जल/, /जलकणिका/, /बैंसले/, /बैंसलाई/ शब्दको आवृत्ति भएको छ । कवितांशको दोस्रो पाउमा श्रुति सम तर भिन्नार्थक सन्दर्भलाई प्रतिबिम्बित गर्ने /पुकार्लान्/, /बोल्लान्/ र /छिचोल्लान्/ तथा तेस्रो पाउको /छहर्लिन्/ शब्दका अन्त्यमा आएका समान ध्वन्यात्मकताको आवृत्ति भएको छ । कविताको पहिलो पाउको अन्त्यमा आएको /बैंसलाई/, दोस्रो पङ्क्तिको समस्थानिक /पाई/, तेस्रो पाउको /चम्चमाई/ शब्दमा सन्निहित श्रुतिसुखदता सिर्जना गर्ने समध्वन्यात्मकताको आवृत्ति भएको छ । कवितांशको तेस्रो र चौथो पाउको अन्त्यमा आएका /हँसीया/ र /घँसीया/ शब्दको आवृत्तिले यमकालङ्कार सिर्जना गरेको छ ।

प्रस्तुत कवितांशको पहिलो पाउको आरम्भमा छाती शब्दको आवृत्ति भएको छ । पङ्क्तिको आरम्भमा समान दुई शब्दको आवृत्तिबाट सृजित आलङ्कारिकता सन्दष्ट-यमकालङ्कार हो (भरत, २०४०, पृ. २९४) । पङ्क्तिको आरम्भका समान शब्दको आवृत्ति भई प्रतिपाद्य हुने सन्दष्ट यमकालङ्कारको शाब्दी चमत्कृति यस कवितांशमा प्रस्तुत भई आलङ्कारिकता सिर्जना भएको छ । यस कवितांशको पहिलो पाउकै 'जल जलकणिका' शब्दमा 'जल' शब्दको आवृत्ति भएको छ । यमकालङ्कारमा लक्षणवृत्त अर्थात् एक विश्रामदेखि अर्को विश्रामसम्मको तहमा समान शब्दको आवृत्ति हुनुको लक्षणलाई यमकको एक भेद मानिन्छ । लक्षणवृत्तको अर्धभागको आवृत्तिबाट पूर्णवृत्तिको पूर्ति हुनु समुद्गक-यमकको अभिलक्षण हो (भरत, २०४०, पृ. २९२) । नाट्यशास्त्रमा अभिव्यक्त भएको यस अभिलक्षणका आधारमा यस कवितांशमा समुद्गक यमकालङ्कार पनि प्रतिपाद्य छ ।

यमक अलङ्कारको प्रस्तुति र प्राप्तिका दृष्टिले यस कवितांशको पहिलो पाउमा यसको तेस्रो भेदको पनि सम्यक् र सार्थक उपस्थिति छ । पङ्क्तिको अन्त्यमा समान पदको आवृत्तिबाट सृजित शाब्दी चमत्कृति आम्रेडित यमक हो (भरत, २०४०, पृ. २९५) । यस कवितांशको पहिलो पङ्क्तिको अन्त्यमा

आएको 'बैंसले बैंसलाई' पदावलीमा समान 'बैंस' शब्दको आवृत्ति भएको छ । यमकालङ्कारको प्रतिपाद्य विषयका आधारमा एउटै पङ्क्तिमा सन्दष्टक, समुद्गक र आम्रेडित यमकको उपस्थिति भई शाब्दी चमत्कृति तथा श्रुतिसुखदता सिर्जना हुनु काव्यिक प्राप्तिका दृष्टिले उच्चतम उदाहरण मान्न सकिन्छ । यसका अतिरिक्त यस कवितांशको तेस्रो र चौथो पाउको अन्त्यमा आएका 'हँसीया' र 'घँसीया' शब्दका अन्त्यमा आएका समान ध्वन्यात्मक उच्चार भएका ध्वनिको प्रस्तुतिले पादान्तक यमकको उपस्थिति सिद्ध गर्दछ ।

**जुरेली गान कवितामा श्लेषालङ्कार**

शब्दालङ्कारका दृष्टिले 'जुरेली गान' कवितामा श्लेषालङ्कारको प्रयोगले आलङ्कारिकतालई थप सशक्त तुल्याएको छ । कवितामा श्लेष शब्दसँगै त्यसमा सन्निहित द्विअर्थी अभिवृत्तिका आधारमा काव्यिक सौन्दर्यको निरूपण गर्ने शब्दालङ्कार हो । श्लेषालङ्कारले कृतिमा प्रयोग भएका शब्दमा रहेका शब्दका आधारमा कृतिमा अभिव्यञ्जित दोहोरो अर्थबाट सृजित सौन्दर्यको वाच्य अर्थमा भिन्नता वा बहुआर्थी अभिलक्षण भएका शब्दको पुनरावृत्ति भई शब्दले विविध अर्थ जस्तै पद, लिङ्ग, भाषा, प्रकृति-प्रत्यय, विभक्ति, वचन आदिका आधारमा छुट्टिने वा बहुअर्थी हुने शब्दालङ्कार श्लेष हो (मम्मट, सन् १९८०, पृ. ३६२) । श्लेषलङ्कार व्याकरणिक पदमा रहेको दोहोरो अर्थप्रकृति र आर्थी विशेषताका आधारमा काव्यिक अर्थ निरूपित हुने शब्दालङ्कार हो । कृतिमा प्रयोग हुने एक शब्दमा पाइने विविधतापूर्ण प्रहेलिका र त्यसमा प्रतिबिम्बन हुने शाब्दिक चमत्कार श्लेषालङ्कार हो (एरिस्टोटल, २०७७, पृ. २३४) । कविताको रचनाप्रक्रियामा समान र अर्थ दिने शब्दको मात्र प्रयोगबाट आलङ्कारिकता सिर्जना हुन सम्भव छैन । विषयगत, भावगत र सौन्दर्यात्मक कलाको प्रस्तुतिका लागि कवितामा प्रयोग भएका शब्दमा समान र असमान परिवेशको द्वन्द्वात्मक अवस्थाको कलात्मक सन्दर्भको प्रस्तुति अनिवार्य मानिन्छ । शब्द अपरिवर्तनीय रही एकै शब्दले अनेक अर्थ व्युत्पत्ति हुने शब्दालङ्कार श्लेष हो (भट्टराई, २०७७, पृ. २९२) । कवितामा प्रयोग भएको एक शब्दबाट उत्पन्न हुने अनेकार्थ र त्यसमा निहित अर्थको दोहोरो भाव निर्धारण हुने प्रक्रिया श्लेषको अभिलक्षण हो ।

श्लेषालङ्कारको मुख्य विशेषता नै कृतिमा आएको एक शब्दमा निहित बहुअर्थी अभिलक्षण हो । एउटै श्लिष्ट शब्दबाट अनेक अर्थ निस्कनु श्लेषको अभिलक्षण हो (उपाध्याय, २०६७, पृ. ११४) । श्लेषमा शब्दविन्यासका क्रममा सिर्जना हुने अर्थगत विविधताका साथै त्यसले कस्तो रचनाविधानका आधारमा द्विअर्थी अभिलक्षण बोकेको छ भन्ने पक्षलाई हेरिन्छ । श्लेषालङ्कार हुनका लागि शब्दले प्रत्यक्ष दिने दोहोरो अर्थका साथै त्यसको संरचनागत अभिवृत्तिलाई अर्थप्राप्तिको आधारका रूपमा लिइन्छ । एउटै शब्दबाट अनेकौं अर्थ प्रतिपाद्य हुनु श्लेषको सार्विक विशेषता हो (एटम, २०७४, पृ. ३७) । श्लेष एकै शब्द रहने अर्थको प्रकृतिका साथै त्यसले निर्माण र निर्धारण गर्ने परिवेशमा आधारित सन्दर्भ र प्रासङ्गिक अर्थसमेतलाई शब्दकै तहमा सिर्जना हुने शाब्दी चमत्कारका अन्तर्यमा खोजिन्छ । जहाँ शिष्ट शब्दका माध्यमबाट अनेक अर्थको जन्म हुन्छ त्यहाँ श्लेषालङ्कार हुन्छ (शर्मा, सन् १९९६, पृ. २००) । श्लेष हुनका लागि शब्द र अर्थ दुवैको संयोजन आवश्यक तत्त्व हो । शब्दमा विद्यमान अर्थको सामर्थ्य नै उच्च कलात्मक कविता सिर्जना गर्ने आधार भएकाले श्लेषालङ्कार काव्यिक सौन्दर्य र उच्च कलात्मक मूल्य स्थापित गर्ने शब्दगत आधार हो । एकै शब्दमा तात्पयार्थमा नभई मुख्यार्थमा एकभन्दा बढी अर्थको प्रयोग तथा तिनीहरूबीचको भिन्नताको पुष्टिद्योतन हुने शब्दालङ्कार श्लेष हो (न्यौपाने, २०३८, पृ. ३६२) । श्लेषालङ्कारका माध्यमबाट काव्यिक अभिव्यक्तिमा कलात्मकताका साथै आर्थी चमत्कृतिसमेत प्रस्तुत हुने भएकाले यसले कविताको आस्वादन र भावप्रवाहलाई समेत बाह्यान्तरिक सौन्दर्य प्रदान गर्ने तथ्यसिद्ध छ । प्रस्तुत 'जुरेली गान' कविता सहजात श्लेषालङ्कारको प्रयोग भएको कविता हो । प्रस्तुत कविताका तलका पङ्क्तिपुञ्जमा श्लेषलङ्कारको प्रयोग सशक्त भई शाब्दी चमत्कार

सिर्जना भएको छ ।

फुल्दा, सेता बदामी कुसुम झरझरी झार्दथे मिष्ट झोका
रोका आँशू खसाली बरबर उरमा, जूनले जल्पिएका;
राधा बन्दी कसैकी मनमन, वयसी दिव्य संयोगिताले
एकान्ती गुन्गुनीमा दृगजल उछलिन् बुल्बुली यै टुनाले ! देवकोटा, २०७६, पृ. ७९

प्रस्तुत कविताांशमा एकैशब्द तथा एकार्थक दुई भिन्न शब्दका माध्यमबाट आलङ्कारिकता सिर्जना भई श्लेषालङ्कार प्रतिपाद्य छ । श्लेषलङ्कारको मूलभूत अभिलक्षण काव्यिक अभिव्यक्तिमा प्रस्तुत एशब्दमा सन्निहित अर्थलाई निरन्तरता र विस्तारित तुल्याउन अनेक शब्दको उपस्थिति भएको छ । यस कवितंशमा श्लिष्ट अर्थलाई प्रतिबिम्बन गर्ने सामर्थ्ययुक्त शब्द 'आँसु' हो भने यसको विस्तृतीकरण नै यस पङ्क्तिगुच्छको अन्तर्वस्तु तथा यसको प्रतिपाद्य आलङ्कारिकता हो । श्लेषालङ्कारको मुख्य अवधारणा श्लिष्ट, अश्लिष्ट तथा विविधपदको सन्धिसन्धानबाट अनेक वाक्यको युगपद रचना हुने तथा अर्थ बताउन सामर्थ्य राख्नु हो (रुद्रट, सन् १९६५, पृ. ८४) । प्रस्तुत कविताांशमा 'आँसु' शब्द तथा त्यसको अर्थविस्तारका क्रममा आएका वाक्य अथवा पाउको सिर्जना गर्ने 'सेता बदामी कुसुम झरझरी झार्दथे', पदावलीमा प्रतिबिम्बन हुने अर्थको आधार हो । कविताांशमा 'आँसु झर्नु' को सामान्य कथनलाई सेता कुसुम र वृक्षबाट ती मुसुम झर्दा देखिने शोभायमान सुन्दरता तथा सुन्दरताको क्षय भई उजाड पर्यावरण सिर्जना भई उत्पन्न उराठ परिवेश अर्थद्योतन गर्ने विषयको अभिव्यञ्जना यस कविताांशको पहिलो पाउमा प्रतिपाद्य आलङ्कारिकता हो ।

प्रस्तुत कविताांशको दोस्रो पाउमा पहिलो पाउकै पूर्वोक्त शब्दको अर्थ 'उर' अर्थात् छातीमा तिनै आँसुका विन्दु खस्दा बोध हुने अनन्य पीडा तथा 'जूनले जल्पिएका' पदावलीमा निहित पीडाभित्र पनि शान्त, स्निग्ध र अपरिमेय सृष्टिसौन्दर्यलाई आभासित तुल्याई आनन्दानुभूति सत्तचार गराउनसक्ने क्षमता रहेको कथ्यविषयको प्रस्तुतिमा प्राप्त आलङ्कारिकता शब्दका तहमा श्लेषालङ्कारको प्रतिपाद्य विषय हो । कविताको तेस्रो पाउमा वियोगी र विरहकी पर्याय मानिने राधाको मीयकीय सन्दर्भ तथा त्यसले अभिव्यक्त गर्ने सिङ्गो संज्ञानको अभिव्यञ्जनाका लागि 'आँसु' शब्दको प्रयोयको औचित्य आलङ्कारिक नै छ तथा यस शब्दको अनुपस्थितिमा यसको अर्थ नै औचित्यविहीन बन्ने सन्दर्भको बोध हुन्छ । तेस्रो पाउको अन्त्यमा प्रस्तुत भएको 'आँसु' को विविधतापूर्ण अर्थ तथा त्यसको आलङ्कारिकता सिद्ध गर्ने 'संयोगिता' शब्दमा निहित अर्थले अभिव्यक्त गर्ने 'आँसु' आँखाबाट झर्ने तथा जीवनको निराशालाई अभिव्यक्त गर्ने निरर्थक पानी मात्र नभई मान्छेलाई शान्ति र अतिशय आनन्द सञ्चरित गर्ने आकर्षष हो भन्ने भिन्नार्थ अप्रस्तुत अर्थ प्रस्तुतिका माध्यम बनेको छ । यस कविताांशबाट 'आँसु' शब्दको बहिर्गमन सिङ्गो श्लोकलाई अर्थहीन र मरुशब्द पुञ्जमा रूपान्तर गर्न सामर्थ्य पद हो । यस कविताांशबाट यस शब्दलाई हटाइदिँदा सिङ्गो अंशकै अर्थ अनर्थपूर्ण हुने शब्दालङ्कारको अभिलक्षण यसमा अवशिष्ट छ । एकै शब्दमा अनेकार्थको अभिव्यञ्जना भई आलङ्कारिकता सिर्जना भएको यस कविताांशमा श्लेषालङ्कार प्रतिपाद्य भएको छ भने 'जुरेली गान' कविताको तलको पङ्क्तिगुच्छ पनि यसको सशक्त उपस्थिति भएको कविताांश हो ।

जल्पीन्थिन् जानकीले मनमन सुर यी, रामजी कल्पिएर,
बंशी बज्थ्यो यसैमा टिरलिर यमुनाकूलमा कल्किएर !
हेलेन् होलिन् रुँदी यी दुखमय सुरमा, प्यारि पारी विषाद,
वर्षाई वेदनाका अति सुषम कणी, -युद्धका बाफ वाद ! देवकोटा, २०७६, पृ. ७९

प्रस्तुत कविताांशमा जुरेलीको 'पिउपिउ' आवाज अर्थात् गान तथा त्यसको आनन्दानुभूतिको अनुभव सृष्टिचक्र तथा मानवसभ्यताका अमर कथासँग अन्तर्निष्ठ सम्बन्ध स्थापित गर्ने विशेषता अभिव्यक्त गर्ने माध्यम रहेको विषयको प्रकटीकरणका सन्दर्भमा श्लेषलङ्कार प्रतिपाद्य भएको छ ।

प्रकृतिप्रदत्त चराले प्रस्तुत गर्ने आवाजमा ध्वनित हुने एक शब्दको अन्तर्यमा त्रेतायुगमा जानकीले रामसँगको मिलन र वियोग दुवैक्षणको परिकल्पना, द्वापर युगमा कृष्णको बाँसुरीका आवाजमा लीलामय बनेको गोकूल र पवित्रता आच्छादन भई प्राप्त आनन्द, पश्चिमा हेलेनकेलरका सङ्घर्षका कथामा अन्तर्निहित पीडा तथा त्यसबाट प्राप्त उपलब्धिको इतिहासजस्ता अनेकौँ सुख, वैभव र उपलब्धिका लागि गरिएका सङ्घर्ष र त्यसको आनन्द अवस्थित छ भन्ने तथ्यको प्रस्तुति भएको छ । एक श्लिष्ट शब्द तथा त्यसमा अन्तर्निहित विविध अर्थको प्रतिध्विनित सन्दर्भको प्रस्तुति श्लेषालङ्कारका अभिलक्षण यस कवितांशका चराको आवाजको मूल सन्दर्भमै समावेश भई प्रस्तुत भएका छन् । श्लिष्ट पदद्वारा अनेकौँ अर्थको अभिधान अर्थात् प्राप्तिको निर्देश श्लेषालङ्कार हो (विश्वनाथ, सन् १९८३, पृ. ६७५) । यस कवितांशमा प्रस्तुत चराको उन्मुक्त आवाजमा प्रतिबिम्बित भएका अनेक अर्थ तथा तिनको अस्तित्व चराको आवाजलाई प्रस्तुत गर्ने शब्दको अनुपस्थितिमा स्वतः निष्प्रभावी हुने शब्दालङ्कारका सार्विक विशेषता प्रतिबिम्बित भएको छ । यस अर्थमा चराको आवाज नै कवितांशको अन्तर्वस्तुलाई पुष्टि गर्ने विविध सन्दर्भसँग सान्ध्यि भई प्रस्तुत हुनु यस कवितांशमा श्लेषालङ्कार प्रतिपाद्य हुनुको अभिलक्षण हो भने यस कवितामा शब्दालङ्कारको पुनरुक्तवदाभास पनि प्रतिपाद्य भई आलङ्कारिकता सिर्जना भएको छ ।

**जुरेली गान कवितामा पुनरुक्तवदाभास**

विवेच्य 'जुरेली गान' कविता शब्दालङ्कारके प्राचीन भेद मानिने पुनरुक्तवदाभास शब्दालङ्कारको प्रयोगले अलङ्कारिक बनेको कृति हो । अलङ्कार सिद्धान्तको परम्परामा पुनरुक्तवदाभास प्राचीन शब्दालङ्कारका रूपमा स्थापित छ तथापि यस अलङ्कारका सम्बन्धमा विस्तृत खोज-अनुसन्धान र साहित्यिक सन्दर्भमा यसको उपयोग कम मात्रामा भएको छ । पुरुक्तवदाभास आभासित अर्थका आधारमा निरूपित हुने शब्दालङ्कार हो । भिन्न रूप भएका सार्थक र निरर्थक शब्दहरूको प्रयोगले अन्त्यमा एकार्थक र भिन्नार्थकताको बोध गराए पनि तात्पर्यमा अन्यार्थको बोध आभासित हुनु पुनरुक्तवदाभासको अभिलक्षण हो (मम्मट, १९८०, पृ. ३८७) । पुनरुक्तवदाभास अलङ्कार शब्दमाआश्रित शब्दालङ्कार हो । यो अलङ्कार कृतिमा प्रस्तुत भएका शबदमा सन्निहित पर्यायवाची अभिवृत्ति भएका शब्दको पुनरावृत्तिको आभासित अर्थका आधारमा निर्माण र निर्धारण हुन्छ । भिन्न आकार स्वरूप र अर्थ भएका शब्दमा निहित आभासित अर्थ जुन तात्पर्यका रूपमा मात्र पुनरावृत्ति भएका अनुभव सिर्जना गर्ने तर वास्तविकतामा तिनीहरूको अर्थ पृथक् नै हुने शब्दालङ्कार पुनरुक्तवदाभास हो (विश्वनाथ, सन् १९८२, पृ. ६६६) । कवितामा प्रयोग भएका भिन्न स्वरूप भएका शब्दको समान अर्थ भए पनि प्रकारान्तरले तिनमा भिन्नता हुनु पुनरुक्तवदाभास शब्दालङ्कारको मूलभूत अभिलक्षण हो ।

कविताको सिर्जना समान अर्थ दिने शब्दको प्रयोगबाट मात्र सम्भव नभई यसमा अनेकार्थी, विपरीतार्थी, पर्यायवाची समावेशात्मक, असमावेशात्मक तथा द्वन्द्वात्मक अर्थसम्बन्ध भएका शब्दको समानान्तर प्रयोगबाट हुन्छ । समान अर्थ भएका तर भिन्नार्थ अभिलक्षण भएका शब्दको आवृत्ति र त्यसले निर्माण गर्ने अर्थसम्बन्ध पुनरुक्तवदाभासको विशेषता हो । श्रवणेन्द्रियले ग्रहण गर्दा समान अर्थ दिने शब्दको पसनरावृत्ति भएको तथापि वास्तविक अर्थबोध गर्दा तात्पर्य भिन्न हुने पदहरूको आवृत्तिबाट पुनरुक्तवदाभास शब्दालङ्कार निरूपित हुन्छ (भट्टराई, २०७७, पृ. २९०) । समान अर्थ आभासित भई त्यसको तात्पर्यबोध भएपछि आसयात्मक अर्थ स्वतः निष्क्रिय हुने यसको विशेषता हो । कवितामा प्रयोग भएका भिन्न अर्थ भएका शब्दबीच साधर्म्यंको आभास यसको प्राप्ति हो । भिन्न रूप तथा भिन्न अर्थ भएका शब्दले अन्ततः आर्थी पुनरुक्ति हुने अर्थको आभास दिए पनि अन्त्यमा अर्थको बोध भइसकेपछि पहिले बोध भएका अर्थ स्वतः निष्क्रिय हुने शब्दालङ्कार पुनरुक्तवदाभास हो (शर्मा, सन् १९९६, पृ.

१०७-१०८) । पुनरुक्तवदाभास अंशतः आर्थी अभिवृत्ति र सम्बन्धका आधारमा निरूपित भए पनि यो शब्दको पुनरावृत्ति र तिनको अलग्गै अर्थका आधारमा आभासित भई तत्काल निष्क्रिय हुने भएकाले यो अर्थालङ्कारका विशेषताभन्दा पृथक् शब्दालङ्कारकै प्राप्ति हो । प्रस्तुत स्वर्ग र देवता कवितामा पुनरुक्तवदाभास अलङ्कारको प्रयोग निम्नलिखित पङ्क्तिपुञ्जमा भएको छ ।

बोल् ! बोल् ! बोली सुरीलो, पिउ पिउ नित हे पिंजराकी जुरेली,
बोल्छन् यै वेदवाणी- अतिसुषम उषातर्फ आत्मा पिरोली,
जूनेली ज्योति जेली हृदयभर यही, थोर सङ्केत खोली,
प्यासी बोलें म आफैं 'पिउ' अरथविना मृत्तिका क्यै छिचोली !
(देवकोटा, २०७६, पृ. ८०)

पुनरुक्तवदाभास शब्दालङ्कारको भेद तथा प्रस्तुत 'जुरेली गान' कवितामा अभिव्यञ्जित भएको अलङ्कार हो । प्रस्तुत कवितांशमा पिँजरामा थुनिएको चराको प्राकृत आवाजका अन्तर्यमा कविताका विविध सन्दर्भ तथा आर्थी अभिवृत्ति भएका शब्दको प्रस्तुति भई आलङ्कारिकता सिर्जना भएको छ । यस कवितांशमा आर्थी अभिवृत्तिको केन्द्रीय तहमा रहेको प्रमुख पदावली भन्नु नै पिँजरामा कैद भएको चराको आवाज हो । चराको आवाजका अन्तर्यमा अनेक सन्दर्भको प्रस्तुति भएको छ । प्रतीयमान अर्थका दृष्टिले यस कवितांशमा प्रस्तुत आवाज समाख्याताका माध्यमबाट कविकथन हो भने कविकथनमा अवशिष्ट आमनेपाली नागरिकको प्रतिनिधि आवाज पनि हो । शब्द र त्यसमा निहित अर्थ नै शक्तिशाली रहेको प्रस्तुत कवितांशमा चराको आवाजमा प्रतिध्वनित अन्तर्वस्तु अर्थात् अर्थको अभिलक्षणका सूचक अनेक शब्द र तिनमा विद्यमान भिन्नार्थको प्रस्तुति भएको छ । पुनरुक्तवदाभास शब्दालङ्कारको अभिलक्षण भिन्न शब्दमा भिन्नार्थको प्रतीति तथा वास्तविक अर्थबोधपछि भिन्न शब्द र तिनमा अवशिष्ट भिन्नार्थ स्वतः निष्क्रिय हुने अभिलक्षण यस कवितांशमा प्रतिपाद्य छ । यस कवितांशमा प्रस्तुत 'वेदवाणी', 'अतिसुषम उषा', 'आत्मा', 'जूनेली ज्योति', 'हृदय', 'मृत्तिका' आदि अनेक अर्थ दिने शब्दको सापेक्ष र सार्थक प्रयोग भएको छ । कवितांशमा आएका यी शब्द अनेक अर्थका आधारमा काव्यिक कथनलाई प्रतीयमान व्यञ्जनाप्रधान तुल्याउने अर्थको अभिव्यञ्जन भई रहँदा वास्तविकतामा यी सबै पिँजरामा रहेको चराको आवाज तथा त्यसका विषयमा सम्बोधक समाख्याताको कल्पना हो भन्ने विषयबोधसँगै सबै अर्थ समाप्त भई शब्द र शब्दले बोकेको सन्दर्भमा मात्र सीमित रहने अभिलक्षण प्रस्तुत भएको छ ।

कवितामा शब्दको अर्थबोधका क्रममा अनेक अर्थ आभासित भई वास्तविक अर्थको बोधसँग अन्यार्थ स्वतः निष्क्रिय भई सामान्यार्थ बोध हुने पुनरुक्तवदाभासको अभिलक्षण यस कवितांशमा प्रतिपाद्य छ । द्वितीयतः यस कवितांशमा प्रस्तुत भएको 'पिउ पिउ नित हे पिंजराकी जुरेली' पदावलीमा प्रस्तुत अर्थ तथा सन्दर्भलाई झिकिदिँदा अन्यार्थ प्रतीतिका सबै अर्थको औचित्य नरहने विषयसमेतको प्रयोगका आधारमा यस कवितांशमा पुनरुक्तवदाभास शब्दालङ्कार शक्तिशाली रहेको तथ्यको पुष्टि हुन्छ । यस कवितांशमा चराको आवाज र त्यसमा निहित अन्तर्वस्तुको प्रस्तुतिका लागि प्रस्तुत भएका शब्दालङ्कार र त्यसको उपस्थिति सहज र स्वतस्फूर्तः रूपमा प्रस्तुत भएका छन् । प्रस्तुत कवितामा प्राप्त पुनरुक्तवदाभासको प्रस्तुति सोद्देश्य नभई स्वतस्फूर्त रूपमा प्रस्तुत भएको छ । कवितालाई व्यञ्जनाप्रधान तथा कला र भावसौन्दर्यपूर्ण अभिव्यक्तिको प्रयोजनका लागि नभई सहज कृति निर्माणका क्रममा आएका स्वतस्फूर्त कला र भावसौन्दर्यका आधार हुन् ।

**निष्कर्ष**

प्रस्तुत 'जुरेली गान' कविता स्वच्छन्दतावादी भावधारा र यसका दार्शनिक अवधारणालाई अवलम्बन गरी रचना भएको छ । स्वच्छन्दतावादी दर्शनका अन्तर्यमा नेपाली जनजीवन र सामाजिक

परिस्थितिलाई प्रस्तुत गर्ने यस कवितामा काव्यिक सौन्दर्य निर्माण तथा अभिव्यक्तिगत कलात्मकता सिर्जना गर्नका निम्ति शब्दालङ्कारको भूमिका पनि सशक्त छ । यस कविताले प्रतिबिम्बन गरेको युगदृष्टि तथा व्यञ्जनात्मकताको पुष्टिका लागि शब्दालङ्कारको शक्तिशाली भूमिका छ । यस कवितामा शब्दालङ्कारका रूपमा प्रथमतः यमकालङ्कारको प्रयोग तथा यसबाट सृजित सहज आलङ्कारिकता सहजात र स्वतस्फूर्त छ । यस कवितामा यमकालङ्कारको प्रस्तुति समान ध्वनिबाट निर्माण भएका असमान अर्थ तथा समान अर्थ प्रतिपाद्य भई आलङ्कारिकता सिर्जना गर्न सफल छ । यस कविताको एउटै पङ्क्तिगुच्छको एकै पाउमा लगातार यमकालङ्कारका तीन भिन्न भेदको प्रस्तुति हुनु आलङ्कारिक प्राप्तिका दृष्टिले महत्त्वपूर्ण उपलब्धि हो । यस कविताको एक पङ्क्तिमा सन्दष्ट, समुद्गक र आम्रेडित यमकालङ्कार प्रतिपाद्य हुनु तथा तिनको उपस्थितिमा काव्यिक अभिव्यक्ति र भावप्रवाहमा समेत कृत्रिमताको स्थानमा सहज अभिवयक्तिको सतत गतिशीलता हुनु सहजात प्रतिभायुक्त स्रष्टाको स्वतस्फूर्त अभिव्यक्तिका रूपमा सृजित रचना हो भन्नसकिने स्पष्ट आधार प्राप्त हुन्छ ।

प्रस्तुत कवितामा यमकालङ्कारसँगै शब्दालङ्कारका श्लेषालङ्कार र पुनरुक्तवादभासको पनि सफल प्रयोग भई आलङ्कारिकता सिर्जना भएको छ । यस कवितामा श्लेषलङ्कारको पुष्टि गर्ने अनेक सन्दर्भ तथा तिनको सार्थक र सम्यक् स्थान कविताका अधिकतर पङ्क्तिपुञ्जमा प्राप्त हुने विषय हो । यस कवितामा पीडा र त्यसको विकल्पका रूपमा अधिव्यक्त आङ्गिक स्वरूप 'आँसु' शब्दको गम्भीरताको अभिव्यक्तिलाई अनेक समान र भिन्नार्थक शब्दका साथै तिनको आर्थी अभिलक्षणका माध्यमबाट प्रस्तुत गर्ने क्रममा सृजित आलङ्कारिकता यसको प्रमाण हो । यस कविताका श्लोकमा आएको श्लेषालङ्कारले काव्यिक अभिव्यक्तिलाई शाब्दी प्रयोगका दृष्टिले मात्र नभई आर्थी दृष्टिले पनि अभिधार्थबाट कृतिलाई मागि उठाई काव्यिक आनन्दबोधका लागि प्रेरकको भूमिका खेलेको छ । यस कवितामा शब्दालङ्कारको भेद पुनरुक्तवदाभासको पनि सम्यक् प्रस्तुति भएको छ । यस कवितामा पिँजरामा थुनिएको चराको 'पिउपिउ' आवाज र त्यसमा प्रतिबिम्बित तत्कालीन नेपाली समाज र त्यसको अन्तर्वस्तु समेटिएका आवाजलाई प्रस्तुत गर्ने सामर्थ्य भएको कलात्मक अभिव्यक्तिको सिर्जना गर्न पुनरुक्तवदाभास अलङ्कारको प्रयोग सहयोगी र सार्थक सिद्ध भएको छ । शब्दालङ्कारको काव्यिक उपस्थितिको अन्तर्य केन्द्रीय अर्थ संवहन गर्ने शब्दको उपस्थितिमा अभिव्यक्तिगत सार्थकता र अनुपस्थितिमा स्वतः अर्थ समाप्त भएर जाने अभिलक्षण श्लेष र पुनरुक्तवदाभास अलङ्कारको प्रयोग सार्थक र औचित्यपूर्ण छ । आलङ्कारिकताका दृष्टिले यस कवितामा प्राप्त यमक, श्लेष र पुनरुक्तवदाभास शब्दालङ्कार सहज र स्वतस्फूत छन् । एकै पङ्क्तिमा यमकका तीन भेदको उपस्थिति अथवा एक श्लोकमा चार यमकालङ्कार प्रतिपाद्य भएर पनि काव्यिक कृत्रिमताको अनुभव नहुनु तथा तिनको उपस्थितिमा सात्त्विक कृति निर्माण हुनु अलङ्कारगत प्राप्तिका दृष्टिले महत्त्वपूर्ण उपलब्धि नै हो । यसका अतिरिक्त शब्द र त्यसमा निहित अर्थको निरन्तरताका लागि एउटा शब्दलाई हटाउँदा अन्य शब्द र तिनले अधिग्रहण गर्ने सन्दर्भ, अर्थ तथा सौन्दर्यको बोध हुन बाधित अवस्था उत्पन्न हुने श्लेष तथा पुनरुक्तवदाभासको सहजात प्रस्तुति भएको यो कविता शब्दालङ्कारको सहजात, स्वतस्फूर्त र प्राकृत प्रयोग भएको रचना हो भन्ने निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, अनिल र केशवप्रसाद अधिकारी (२०८०). "भिखारी कवितासङ्ग्रहमा अलङ्कारविधान", *सहयात्रा* ५ (१), पृ. ४५-५८ ।

उपाध्याय, केशवप्रसाद (२०६७). *पूर्वीय साहित्य-सिद्धान्त.* (दोस्रो संस्क.), साझा प्रकाशन ।

एटम, नेत्र (२०७४). *सङ्क्षिप्त नेपाली साहित्यिक शब्दकोश,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गड्तौला, नारायणप्रसाद. (२०७७). *पूर्वीय काव्यसिद्धान्तको प्रायोगिक पद्धति.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।
गौतम, लक्ष्मणप्रसाद (२०६९). *कविताको सैद्धान्तिक विमर्श,* पाठ्य सामग्री पसल ।
एरिस्टोटल. (२०७७). *एरिस्टोटल र उनको काव्यशास्त्र पेरि पोइतिकेस.* (दोस्रो संस्क.). अनु. चामलिङ, गुमानसिंह. नेपाल प्रज्ञा-प्रतिष्ठान ।
देवकोटा, लक्ष्मीप्रसाद (२०७६). *लक्ष्मी कवितासङ्ग्रह,* (सातौँ. संस्क.), साझा प्रकाशन ।
न्यौपाने, टङ्क (२०३८). *साहित्यको रूपरेखा,* साझा प्रकाशन ।
पन्त, भरतराज (२०७७). *नेपाली अलङ्कार परिचय.* (दोस्रो संस्क.). नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।
भट्टराई, गोविन्दप्रसाद (२०७७). *पूर्वीय काव्यसिद्धान्त.* (दोस्रो संस्क.). नेपाल प्रज्ञा-प्रतिष्ठान ।
भरत. (२०४०). *नाट्यशास्त्र भाग २* (सम्पा.) बाबुलाल शुक्ल, चौखम्वा प्रकाशन ।
भामह. (सन् २०१०). *काव्यालङ्कार,* राष्ट्रिय संस्कृत संस्थान ।
मम्मट. (सन् १९८०). *काव्यप्रकाश,* मोतीलाल बनारसीदास पब्लिसर्स ।
विश्वनाथ (सन् १९९३). *साहित्यदर्पण* (प्रथम खण्ड), कृष्णदास अकादमी ।
शर्मा, रमणकुमार (सन् १९९६). *साहित्यदर्पणकोश,* विद्यानिधि प्रकाशन ।